**कोरोना भाइरससम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ वैशाख ६ गते**
प्रदेश ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले कोरोना रोग परीक्षणको लागि भैरहवा, दाङ र नेपालगञ्जमा स्थापना गरिएका प्रयोगशाला तत्काल सञ्चालन गर्न निर्देशन दिनु भएको छ ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार प्रदेश ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले कोरोना रोग परीक्षणको लागि भैरहवा, दाङ र नेपालगञ्जमा स्थापना गरिएका प्रयोगशाला सञ्चालन गरी परीक्षणको गति तीब्र बनाउन निर्देशन दिनु भएको छ । उहाँले कामको गति बढाएर आपसी समन्वय गर्दै परिणाममुखी नतिजा निकाल्नुपर्ने बेला आएको बताउनु भयो ।
मुख्य मन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा चार वटा कोरोना विशेष अस्पताल व्यवस्थापनको जिम्मेवारी पाएका चार मन्त्री, प्रमुख सचिव, सामाजिक विकास मन्त्रालयका सचिव, महाशाखा प्रमुख, स्वास्थ्य निर्देशक र अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट सहित प्रगति समिक्षा गर्न बसेको बैठकमा उहाँले भैरहवाको प्रयोगशालामा परीक्षणको गति बढाउन, दाङ र नेपालगञ्जको प्रयोगशाला तत्काल सञ्चालनमा ल्याउन निर्देशन दिनुभएको हो ।
यसैगरी मुख्य मन्त्री पोखरेलले विश्वमा महामारीको रुपमा फैलिएको कोरोना रोकथाम तथा नियन्त्रणमा भइरहेका प्रयास र आगामी दिनमा गर्नुपर्ने कामका विषमा दाङस्थित राजनितिक दलका नेता, प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिका प्रमुख र नागरिक समाजका अगुवाहरूसँग एकीकृत भिडियो सम्वाद गर्नु भएको छ ।
कोरोना रोग नियन्त्रण तथा रोकथामका लागि अहिलेसम्म भएका कामका विषयमा जानकारी लिएपछि मुख्यमन्त्री पोखरेलले कोरोना नियन्त्रणमा सबै मिलेर अघि बढ्नुपर्ने र सबै मिलेर मात्रै कोरोनालाई पराजित गर्न सकिने बताउनु भयो ।
मन्त्री पोखरेलले स्वास्थ्य सामाग्री उपलब्ध भएकोले चिकित्सकसहितका स्वास्थ्यकर्मीलाई उच्च मनोबलका साथ उपचारमा लाग्न सघाउ गर्न आग्रह गर्नुभयो । उहाँले स्थानीय श्रमलाई प्रयोग गरेर गर्ने काम र क्वारेण्टाइनमा राखेर गर्न सकिने विकास निर्माणका काम नरोक्न र अघि बढाउन निर्देशन दिनुभयो । उहाँले राहत वितरण कार्यलाई एकद्वार प्रणालीबाट अघि बढाउन आग्रह गर्नुभयो ।

**इन्सेक रुकुम पूर्व जिल्ला प्रतिनिधि जयमान बुढा मगरका** अनुसार बिदेशबाट आएका १० जनाको वैशाख ६ गते आरडीटी परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
रुकुमपूर्वमा विभिन्न देशबाट आएका ३६ जनालाई क्वारेण्टाइनमा र ७० जनालाई होम क्वारेण्टाइनमा राखिएको थियो । जस मध्ये ३० जनाको आरडीटी विधिबाट परीक्षण गरिएको सिस्ने गाउँपालिकाका उपाध्यक्ष गोवर्द्धन बुढा मगरले बताउनु भयो ।
जिल्लामा परीक्षण गर्न बाँकी रहेका ८४ जनाको परीक्षणका लागि वैशाख ७ गते जिल्लाका सरोकारवाला निकायसँग बैठक बसेर टुङ्गो लगाउने बुढा मगरले बताउनु भयो ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार दाङमा अहिले कोरोना विशेष अस्पताल वेल्झुण्डीमा २ जनालाई आइसोलेशनमा राखिएको छ भने ५९ जना क्वारेण्टाइनमा रहेका छन । हालसम्म ३६ जनाको आरडीटी र ५८ जनाको पिसिआर परीक्षण गरिएकोमा सबैको रिर्पोट नेगेटिभ आएको छ ।

स्थानीय तहलाई खर्च गर्न बाँकी विकास बजेटलाई राहत व्यवस्थापनमा लगाउन राजनीतिक दलहरूले सुझाव दिएका छन । जिल्ला समन्वय समिति दाङले घोराहीमा आयोजना गरेको राजनीतिक दलहरूसँगको सर्वदलिय छलफलमा राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरूले लकडाउनको स्थितिमा बिकासका थुप्रै काम प्रभावित हुने र केही त्यस्ता योजना र कार्यक्रममा विनियोजन गरिएको बजेटलाई कोरोना रोकथाम, नियन्त्रण र राहत वितरणमा लगाउन सुझाव आएको जिल्ला समन्वय समितिका प्रमुख जितेन्द्रमान नेपालीले बताउनु भयो ।
यसैगरी हाल जिल्लामा देश तथा विदेशबाट घर फर्किएकाहरू र उनका परिवारहरूमा पनि कोरोनाको जोखिम रहेको भन्दै कोरना भाइरसको परीक्षण दर पनि बढाउन सुझाव दिइएको छ । विपद्को बेलामा एक महिनाको घर भाडा छुट दिन घरधनीहरुलाई अपिल गरेका छन । साथै लकडाउनको समयमा पनि खोलिदै आएको खाद्य सामाग्रीका पसल सबैलाई सहज हुने तरिकाले खोल्न र कृषि ृपज विक्री वितरणलाई प्राथमिकता दिनु पर्ने सुझाव दिएका थिए ।

**इन्सेक रोल्पा जिल्ला प्रतिनिधि हरिसरा घर्ती**का अनुसार वैशाख ५ र ६ गते गरी बाहिरी जिल्लामा इँटा भट्टा र मजदुरी गर्दै आएका २ सय जना रुण्टीगढी गाउँपालिका आइ पुगेका छन् । उनीहरूको समान्य परीक्षण पछि क्वारेण्टइनमा राखिएको छ ।
यसैगरी बाहिरी जिल्लाबाट आएर बाटोमा अलपत्र परेका नागरिकहरूलाई रुन्टिगढी गाउँपालिकाले सुरक्षित घर सम्म ल्याउने भएको छ । लकडाउनका कारण राजमार्गमा श्रमिकहरू पैदल यात्रा गर्दै आइरहेका कारण गाउँपालिकाले यस्तो योजना बनाएको हो ।
साथै राजमार्ग वा अन्य जिल्लामा अलपत्र परेका आफ्ना नागरिकको सूचना दिन समेत गाउँपालिकाले अपिल गरेको छ ।

**इन्सेक प्यूठान जिल्ला प्रतिनिधि रविन्द्र पाण्डे**का अनुसार जिल्लाका स्थानीय तहले दोस्रो चरणको राहत वितरण सुरू गरेका छन् । प्यूठान नपा- २ मा दैनिक मजदुरी गरेर खाने परिवारलाई दोस्रो चरणमा खाद्यान्न राहत वितरण गरिएको नगरपालिकाले जनाएको छ । वडाका ९१ घर परिवारलाई दैनिक उपभोग्य सामग्री प्रदान गरिएको वडा अध्यक्ष मुक्ति पोखेलले जानकारी दिनुभयो । पहिलो चरणको राहात यस वडामा १ सय ४२ परिवारलाई वितरण गरिएको थियो । यसैगरी प्यूठान नपाका अन्य वडाले पनि राहत वितरणको तयारी गरेको छ ।
नौ बहिनी गाँउपालिकाले गाँउमै ज्यालादारी गरेर गुजारा चलाएकालाई काममा फर्किन दिने भएको छ । गाँउपालिका भित्र निर्माण भईरहेका विद्यालयका भवन , कुलो लगायतका अन्य भवनमा निर्माणमा मजदुरी गरिरहेकालाई सुरक्षा अपनाएर काम गर्न दिने भएको हो । गाँउपालिका अध्यक्ष शिव रिजालले पाँच जना भन्दा कम समूहमा दुरी कायम राखेर काम गर्न दिइने बताउनु भयो ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती आचार्य**का अनुसार सिमा क्षेत्रबाट लुकेर नेपाल भित्रिन नदिन सिमा नाकाहरूमा २४ घण्टा सुरक्षाकर्मीहरू खटिएका छन् । यसैगरी बाणगङ्गा, नपाको बनगाई, बुद्धभूमि , गोरुसिंगें र शिवराज नपाले राजमार्गमा रहेका पैदल यात्रीहरूलाई खाना , नास्ता र पानीको व्यवस्था गरेका छन् । लकडाउन लम्बीय सँगै काठमाण्डौं , धादिङ लगायतका स्थानबाट घर फर्कदै गरेका छन् । बाणगङ्गा नपाले नगरलाई सङ्क्रमणबाट सुरक्षित राख्नकालागि आवत जावत बन्द गरेको छ ।

**इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार लकडाउनका कारण उद्योग, कलकारखाना बन्द भएपछि र मजदुरीका लागि विभिन्न क्षेत्र आएका भारतीय मजदुरहरू पैदल फिताए जान थालेका छन् ।
पाल्पाबाट आएका १२ जना भारतीय नागरिकहरूलाई नवलपरासी बाट वैशाख ५ गते पाल्पा फर्काइएको छ । बर्दघाट हुदै त्रिवेणी नाकाबाट भारत जान लागेका उनीहरूलाई पाल्पाका प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी पठाइएको प्रजिअ बासुदेव दाहालले बताउनु भयो ।
रामग्राम नगरपालिकाले वितरण गरेको चामल अत्यन्त न्यून गुणस्तरको रहेको खाद्य प्रविधिी तथा गुणस्तर नियन्त्रण कार्यालय, भैरहवाले पुष्टी गरेको छ । "उक्त चामल अखाद्य होइन् तर नेपाल सरकारले तोकेको मापदण्ड अनुसार न्यून गुणस्तरको रहेको भन्न सक्छौं ।" खाद्य निरिक्षक श्रवण कुमार ढुङ्गानाले भन्नु भयो ।
पहिलो चरण वितरणमा गुणस्तरीयताको प्रश्नसगैं विरोध भएपछि रामग्राम नगरपालिकाले हिजोबाट परन राहत वितरण कार्य सुरु गरिसकेको छ ।

**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा**का अनुसार नेपालगञ्ज मेडिकल कलेजको आइसोलेशनमा कक्षमा राखिएका बर्दिया जिल्ला गुलरियाका ४५ वर्षीय इसराइल बेहनाको वैशाख ६ गते मृत्यु भएको छ । दमका बिरामी रहेका बेहनालाई वैशाख ४ गते नेपालगञ्ज मेडिकल कलेजको आइसियुमा राखेर उपचार भइरहेको थियो । मृतकको स्वाव परीक्षणका लागि काठमाण्डौ पठाउने तयारी भइरहेको जिल्ला प्रहरी कार्यलयका एसपी वीरबहादुर वलीले बताउनु भयो ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुनासर जिल्लाका स्थानीय तहले अलपत्र मजदुरहरुको उद्धार गर्न थालेका छन् । मालिका गाउँपलिकाले अलपत्र परेका सल्यानका मजदुरहरूको उद्धार गरेर पठाएको छ । बाग्लुङ्ग हटिया स्थित दरमखोलामा निर्माणाधीन राजा पुलमा काम गरिरहेका सल्यानका १० जना मजदुरलाई उद्धार गरेर सल्यान पठाइएको मालिका गाउँपालिका अध्यक्ष रितबहादुर थापाले बताउनु भयो ।
ओखलढुङ्गा कन्ट्रक्सनका मजदुरहरू लकडाउनका कारण गाडी र काम बन्द भएपछि पैदल अर्खबाङ्ग आएका थिए । तीन दिनसम्म पैदल र असिना पानी सहेर अर्खबाङ्गसम्म आइपुगेको २३ वर्षीया मोतिकला शाहीले बताउनु भयो ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार मज्दुरीको सिलसिला र अन्य कामका कारण जिल्ला बाहिर गएकाहरू जिल्ला भित्र आउनेको संख्या १० हजार पुगेको छ । ती मध्ये जिल्ला बाहिरबाट ६ हजार ४ सय ६ जना मध्ये धेरै होम क्वाराण्टानमा बसेका छन् । पछिल्लो समयमा जिल्ला बाहिरबाट आउनेको संख्या बढेपछि उनीहरुलाई राख्न समस्या हुँदै गएको छ । ७ सय १२ ओटा बेड तयारी अवस्थामा राखिएको छ । बारबर्दिया नगरपालिकाले समुदायले नै निगरानी गर्ने गरी सामुदायीक स्थानीय तहले क्वारेण्टनलाई ब्यवस्थित गर्न अगाडि बढेका छन् ।
हालसम्म स्थानीय तहका बिभिन्न क्वारेन्टाइनमा वैशाख ५ गतेसम्म रहेका ४ सय ७ जना बसेका छन् ।
दुई हप्ता क्वारेण्टाइनमा बसिसकेकाहरूको मध्ये हालसम्म ३ सय ४६ जना आरडीटी परीक्षण भएको छ । वैशाख ५ गते १३ जनाको परीक्षण भएको हो ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**